नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कास्की

फोन नं. ०६१-४६२४७६
०६१-४६३०७६

फ्याक्स् नं. ०६१-४६१९६२

पत्र संख्या : प्रशा. / २०७६ / ७७
चलानी नं. :
प्राप्तपत्र संख्या र मिति :

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

मिति: २०७६/१२/११

## प्रेस विज्ञप्ति ।

यस कार्यालयबाट मिति २०७६।१२।१० मा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका सन्दर्भमा जारी गरिएको आदेशलाई जिल्लावासीहरुले पालना गरी सहयोग गर्नुभएकोमा जिल्ला प्रशासन कार्यालय, कास्की सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । जिल्ला प्रशासन कार्यालय, कास्कीको आदेश मिति २०७६।१२।१८ गते विहान ६ बजे सम्म निरन्तर लागु हुने हुदाँ उक्त आदेशको पूर्ण रुपमा पालना गरी दिनु हुन पुनः अनुरोध गर्दछौं ।

आदेश कायम रहदाँको अवधिमा समेत औषधी तथा स्वास्थ्य सेवा सम्बद्ध उपकरण, खाद्यान्न, तरकारी, दुध, पानी र इन्धन लगायतका अत्यावश्यक सामाग्रीहरु निर्वाध रुपमा आपूर्ति हुने व्यवस्था मिलाईएको छ । माथि उल्लेखित अत्यावश्यक सेवामा संग्लन रहने सेवा प्रदायक एवं सवारी चालकहरुले पेशागत मर्यादा र निष्ठालाई कायम राख्दै आवश्यक परिचय पत्र सहितका प्रमाणहरु साथमा राखी आवश्यक सामाग्री ढुवानी गर्न सकिने छ । उक्त वस्तु र सेवाको आपूर्तिमा संग्लन रही ढुवानी गर्ने सवारी साधनहरुले पास लिई रहनु नपर्ने व्योहोरा समेत जानकारीमा लागि अनुरोध गरिन्छ ।

साथै अत्यावश्यक सामाग्रीहरुको विक्रि वितरणमा संलग्न व्यवसायीहरुले सदाभैं नियमित रुपमा आ–आफ्नो व्यवसाय संचालन गरिदिनु हुन र उपभोक्ताहरुलाई पायक पर्ने स्थानबाट भिडभाड नगरी खरिद गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

२०७६/१२/११

ज्ञान प्रसाद ढकाल
(प्रमुख जिल्ला अधिकारी)